# ठाकुरबाबा नगरपालिकाद्वारा आर्थिक वर्ष २०७५/०७६ का लागि तयार गरिएको

# नीति, तथा कार्यक्रम

अध्यक्ष महोदय,

सर्वप्रथम यस गरिमामय नगर सभामा आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गर्वको अनुभूतिसहित यहाँहरुलाई अन्तर मनदेखि हार्दिक स्वागत गर्न चाहन्छु । समाज परिवर्तनका संवाहक नेपाली जनक्रान्ती अर्थात संघिय लोकतान्त्रिक गणतन्त्रलाई आजको अभूतपूर्व उचाइमा पुऱ्याउन २००७ सालको क्रान्ती, २०४६ सालको जन आन्दोलन, १० वर्षे जनयुद्ध, २०६२/०६३ को जनआन्दोलनका साथै थरुहट र मधेस आन्दोलन लगायत जनस्तरबाट भए गरेका सबै जनसंघर्षमा आ`नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते योद्धा, बेपत्ता नागरिक एवं अग्रज, मार्गदर्शक, सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक र वैचारिक अभियन्ताहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको प्रदेश नं ५ अन्तर्गतका जिल्लाहरु मध्य बर्दिया जिल्ला देशकै अन्न भण्डारका रुपमा परिचित छ । सदरमुकाम गुलरियादेखि लगभग २१ किलोमिटर उत्तरपश्चिममा अवस्थित यस ठाकुरबाबा नगरपालिकाको **अक्षांश २८°,२५',३३.५१'', देशान्तर ८१°,१८',२१.८१''** रहेको छ । १०४.५७ बर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो नगरपालिका ९ वटा वडाहरुमा विभाजित छ । वि.सं २०६८ को जनगणना र जनसंख्या बृद्धिदरलाई आधार मान्ने हो भने करिव ६० हजारको हाराहारीमा जनसंख्या रहेको छ । जातिय हिसावले करिव ६० प्रतिशत भन्दा वढी थारु जातिको वाहुल्यता रहेको भएता पनि अन्य जातजातीको वसोवास पनि सघन रुपमा रहेको छ । धार्मिक हिसावले हिन्दु धर्म सम्प्रदायको वाहुल्यता भए पनि अन्य धर्म सम्प्रदाय मान्ने समुदाय पनि उत्तिकै मात्रामा रहेको छ । सवै खालका जातजाती, भाषाभाषी भए पनि आपसी सदभाव कायम गरी मिलेर वसेको समाज, भू-बनौटका हिसाबले बर्दिया राष्ट्रिय निकुञ्जले अर्ध चन्द्राकार रुपमा घेरेको, पूर्वमा बबई नदी, पश्चिममा कर्णाली नदीका साथै मध्य भागमा ओराही खोला र उत्तरमा चुरे पर्वत श्रृंखलाको आकर्षक दृश्यले प्रकृति र संस्कृतिको अनुपम सुन्दरतायुक्त आभामय यो नगरपालिका पर्यटकीय, जैविक विविधता, वन्यजन्तुको सघन वासस्थान, कृषि र पशुपालन ब्यवसायको प्रचुर संभावना रहेको, देशकै प्रमूख पर्यटकीय स्थालका रुपमा विकसित हुदै गएको, अमूल्य सम्पदाका रुपमा रहेको जानकारी यस सभा समक्ष पुनः स्मरण गराउन चाहन्छु । **विशेषता र विशिष्टतालाई आत्मासाथ गर्दै सुशासन, विकास र समृद्धि**को बाटोमा अटुट रुपमा अघि बढ्नु आजको अपरिहार्य आवश्यकता हो । **सुखी नेपाली समृद्ध नेपाल** भन्ने राष्ट्रको मूल नारामा समाहित हुँदै नगरको **पार्श्व चित्र निर्माण गर्दै एकिकृत गुरुयोजना निर्माण** गर्ने कार्य अघि बढीसकेको छ ।

आर्थिक वर्ष ०७५/०७६ को वार्षिक नीति कार्यक्रम तर्जुमा गर्दा दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा प्राथमिकता क्षेत्रहरुका अतिरिक्त देशले अंगिकार गरेको लक्ष्य उन्मुख कार्यक्रमका साथै **समृद्ध नेपाल र सुखी नेपाली भन्ने राष्ट्रको मूल नारा** र नगरपालिकाको आवधिक योजना समेतलाई आधारका रुपमा स्वीकार गरिएको छ ।

अध्यक्ष महोदय,

यसै सन्दर्भमा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी निर्देशनका आधारम नेपाल सरकार तथा प्रदेश नं. ५ सरकार बाट प्राप्त सशर्त अनुदान, वित्तिय समानीकरण, राजस्व बाँडफाड तथा नगरपालिका मार्फत निक्षेपित आन्तरिक श्रोतको आधारमा विषयगत शाखा एवं वडालाई दिईएको बजेट सिमाका अधारमा आगामी आर्थिक वर्षको आय ब्यय अनुमान गरी नीति तथा कार्यक्रम तर्जुमा गरी राजश्व परामर्श समितिको सुझाव, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तय गरे बमोजिम, सुझाव तथा कार्यक्रम तर्जुमा समिति तथा अन्य समितिहरु र स्थानीय स्वायत्त शासन तथा ब्यवस्थापन कार्यविधि २०७४ को अधिनमा रही क्रियाशील समिति, कार्यदल, विषयगत संघसंस्थाहरुबाट प्राप्त सुझावहरुका आधारमा निम्नानुसारका नीति तथा कार्यक्रमहरु आ.व. २०७५/०७६ मा कार्यान्वयनमा ल्याइने छ ।

**१) पूर्वाधार विकास नीति** ः

- यस आर्थिक वर्ष भित्र नगर विकासको एकिकृत गुरुयोजना तयार गरिनेछ ।
- नगरपालिका क्षेत्रका अधिकतम् वस्तीहरुलाई जोड्ने हरित चक्रपथ निर्माणको विस्तृत परियोजना प्रतिवेदन(डिपिआर) तयार गरिने छ ।
- समग्र बर्दिया जिल्लाकै विकासको मुख्य आधार स्तम्भको रुपमा रहेको भुरीगाउँ तेलपानी - सुर्खेत सडक निर्माण कार्य अगाडि बढाउन केन्द्र सरकारसंग ठोस पहलकदमी लिइनेछ ।
- सत्घरुवा गाउँको उत्तर दुन्द्रामा बलपुरान घर नजिक पुल निर्माण गरिनेछ ।
- भुरीगाउँ, कञ्चनपुर, गोदाना, नेउलापुरदेखि सुखाड हुँदै ठाकुरद्धारा जोड्ने सडकलाई पर्यटकीय मार्गको रुपमा विकास र कालोपत्रेका लागि पहल गरिनेछ ।
- नगर क्षेत्र भित्रको बाटोलाई प्राथमिकिकरण गरी स्तरोन्नती गरिनेछ ।
- सैनवारदेखि बावनपुर जोड्ने सडकको बाँकी खण्ड कालोपत्रे गरिनेछ ।
- सत्घरुवा र सुजनपुर जोड्ने आम्वासा खोलामा झुलË पुल निर्माणका लागि पहल गरिनेछ ।
- **सुखी जनता हाम्रो रहर ः दीन दुःखीमा हामो नजर** कार्यक्रमका माध्यमवाट मुक्तकमैया बस्ती क्षेत्रमा एकिकृत नमूना बस्ती विकासको कार्य थालनि गरिनेछ ।
- वन्यजन्तु पीडित क्षेत्रमा अति विपन्न परिवारका लागि सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिनेछ ।
- ठाकुरद्धारा क्षेत्रमा बसपार्क निर्माणका साथै भुरीगाँउ बसपार्कलाई थप ब्यवस्थित गरिनेछ ।
- ठाकुरबाबा नगरपालिका भित्रका मुख्य सडक र चोकहरुलाई सामाजिक रुपान्तरणका अभियन्ता, जनयुद्ध र जनआन्दोलनका शहिदहरु, जैविक विविधता, स्थानीय मौलिक संस्कृति तथा सम्पदाको नामवाट नामाकरण गरी सम्मान, संरक्षण र संवर्द्धन गरिनेछ ।

- नगरपालिका भित्र  लामो समयदेखि ऐलानी प्रति जग्गामा बसोबास गरिरहेका घरपरिवारहरुको  यथार्थ तथ्यार्I  संकलन गरी व्यवस्थित गरिनेछ ।
- गत वर्षदेखि वार्ड नं. ६ बाट सुरु भएको **<u>वन्यजन्तु सुरक्षा कवच</u>** निर्माण कार्यलाई निरन्तर बिस्तार गर्दै यस वर्ष वार्ड नं. ६ र ८ मा उक्त कार्य सञ्चालन गरिनेछ ।
- नगरको विकासलाई तीव्रता दिन ठूला उपकरणहरु खरिद र सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- मानव संस्कार अन्तरगत मृत्य पश्चात गरिने दाह संस्कारलाई सहज तुल्याउन बबई नदी र हात्तीसारमा पिउने पानीकासाथै विश्रामस्थल निर्माण गरी उक्त भूगोलमा  आवश्यक संरक्षित वन क्षेत्रको विकास गरिनेछ ।
- नगर क्षेत्रमा पर्ने मुख्य - मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिनेछ  ।
- नगरपालिका भित्रका नदीको प्रयाप्त सिंचाई सुविधा नभएका वडा १ ,२, ६, ७ र ८ का केही ठाउँमा लागत सहभागितामा साना सिंचाईका लागि बोरिË जडानमा अनुदानको व्यवस्था गरिनेछ ।
- ठाकुरबाबा न.पा. २, रानीपुरमा नगरपालिका स्तरीय खेल मैदानका साथै कभर्ड हल निर्माण गरिनेछ ।
- भवन नभएका वडा कार्यालयको भवन निर्माणका लागि पहल गरिनेछ ।
- **विद्युतीय पूर्वाधार ः विकास र सम्मृद्धिको आधार** भन्ने भावलाई मनन् गर्दै  विद्युत सेवा नपुगेका सबै गाँउ बस्तीमा विद्युत सेवा विस्तार गरिनेछ ।
- स्थानीय जनताको सडक प्रतिको अपनत्व बढाउन हरेक नँया निर्माण हुने सडकहरुमा  नगदमा आधारित लागत जनसहभागिता सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ ।
- सडक मर्मत कोषको व्यवस्था गरी उक्त कोषलाई प्रभावकारी रुपमा परिचालन गर्न आवश्यक निर्देशिका तयार गरी प्रयोगमा ल्याईनेछ ।
- बजार उन्मुख क्षेत्रमा बस्ती विकासको मापदण्ड तोकी योजना निर्माण गरिनेछ ।
- भुरीगाँउ बजारको एकिकृत विकासका लागी डि. पि. आर तयार गरिनेछ ।
- कार्बन उत्सर्जन गर्नलाई न्यूनीकरणका लागि बैकल्पिक उर्जालाई प्रर्वद्धन गरिनेछ ।
- नगरका मुख्य बजार तथा बजार उन्मुख क्षेत्रहरुमा **<u>हरित नगर ः उज्यालो गाउंघर</u>** कार्यक्रम अन्तर्गत क्रमिक रुपमा सौर्यबत्ती जडान गर्ने नीति लिइएकोछ ।

**<u>२) कृषि विकास नीतिः</u>**

- अन्न उत्पादनका लागि उर्वर भूमिका रुपमा परिचित यस क्षेत्रमा भैरहेको तीब्र भू-खण्डीकरणलाई रोकी कृषि उत्पादनलाई प्रोत्साहित गर्न  भू-उपयोग नीति बनाई लागु गरिनेछ । साथै जमिन बाझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।
- कृषिको वैज्ञानिकिकरण तथा व्यवसायीकरण गर्दै निर्वाहमूलक कृषिलाई उत्पादनमुखी बनाउन नगरपालिका भित्रका ४ वटा मुख्य क्षेत्रहरुलाई विशेष सम्भावना बोकेको क्षेत्रको रुपमा पहिचान गरिनेछ । ती क्षेत्रहरु मध्ये **<u>ठाकुरद्धारा क्षेत्रलाई पर्यटन र अर्ग्यानिक खेती</u>**, **<u>शिवपुरलाई दलहन बाली</u>**, **<u>भुरीगाँउ-नेउलापुर क्षेत्रलाई बेमौसमी तरकारी खेती तथा कृषि बजार क्षेत्र</u>** र **<u>बगनाहालाई कृषि तथा मत्स्य पालन एवं कृषि शिक्षा प्रवर्द्धन क्षेत्र</u>**का रुपमा अग्रसर बनाउने नीति लिइनेछ ।

- स्थानीय जनताको सहभागितामा सहकारी शीत भण्डार स्थापना र सञ्चालनका लागि पहल गरिनेछ ।
- कृषि ब्लक उत्पादन क्षेत्रलाई प्राथमिकता दिइनेछ ।
- कृषिजन्य परियोजना सञ्चालन गर्नेलाई विशेष उत्प्रेरणा प्रदान गर्ने कार्यक्रमको व्यवस्था गरिनेछ ।
- अपाË तथा एकल महिलाहरुलाई कृषि तथा पशुजन्य व्यवसायिक फर्महरुलाई निःशुल्क दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।
- व्यवसायिक खेती तथा पशुपालन गर्ने कृषकहरुलाई व्यवसायको प्रकृति हेरी बढीमा ५० प्रतिशतसम्म अनुदानको व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रमा एक बजार, एक डेरी स्थापना कार्यक्रमलाई जोड दिइनेछ ।
- कृषि उत्पादनको बजारीकरणलाई  सहज तुल्याउन कृषि हाटबजारलाई स्तरोन्नति र व्यवस्थापन गरिने छ ।
- निजी नर्सरी सञ्चालन गर्नेहरुलाई अनुदान सहयोग उपलब्ध गराइ प्रोत्साहन गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासंग समन्वय गरी लक्षित वर्गमा कार्यक्रम लागु गर्न आवश्यक पहल गरिनेछ ।
- कृषिलाई व्यवसायिकरण गर्नका लागि यान्त्रिक उपकरणमा लागत अनुदानको व्यवस्था गरिनेछ ।
- कृषि उपज बस्तुको स्वच्छता तथा गुणस्तर कायम राख्न प्रभावकारी अनुगमन र निरीक्षण गरिनेछ ।
- नगर भित्रका निश्चित क्षेत्रहरुलाई प्राङ्गारिक क्षेत्र घोषाण गरी उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।
- साना पकेट क्षेत्र विस्तार कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- च्याउको बिउ सहयोगका लागि ५० प्रतिशत अनुदानको व्यवस्था गरिएकोछ ।
- किसानहरुका लागि भकारो सुधार तथा प्लाष्टिक टनेलको व्यवस्था गरिएकोछ ।
- नगरस्तरीय कृषि मेला र नियमित माटो परीक्षण कार्यक्रमको व्यवस्था गरिएकोछ ।
- ठाकुरबाबा नगरपालिका भित्र कृषि क्षेत्रको प्रभावकारी उत्पादनका लागि मल खादको आवश्यक व्यवस्थापन गरिनेछ ।

**<u>३) पर्यटन नीति ः</u>**

- ठाकुरद्वारा मन्दिर क्षेत्रको व्यवस्थित गुरुयोजना तयार गरी धार्मिक , पर्यटन स्थलको रुपमा विकास गरिनेछ ।
- गोबिन्दपुर, बानुगाउँमा रहेका होमस्टेको विकास र प्रवर्द्धनका साथै कर्मलामा संभाव्यता अध्ययन गरिनेछ ।
- ठाकुरद्वारा स्थित सूचना केन्द्रको स्तरोन्नति र सञ्चालन गरिनेछ ।
- बेतनी खेल मैदानलाई पर्यटकीय खेल मैदानको रुपमा विकास गरिनेछ ।
- अम्रेनीमा भ्यु टावर र शहीद स्मारक पार्क निर्माण गरिनेछ ।
- हात्तीसार पिकनिक क्षेत्रको व्यवस्थापन र वर्गदा देखी ढुङ्हवासम्मको क्षेत्रलाई ग्रिन बेल्टको रुपमा बशविकास गरी पर्यटन विकास गर्दै लगिनेछ ।

- नगरपालिका भित्रका विभिन्न सामुदायिक वनहरुलाई जोड्ने गरी रात्रीकालीन सफारीका लागि वन पथ निर्माण गरिनेछ ।
- निकुञ्जसंग जोडिएका नगरका अन्य क्षेत्रहरुमा समेत पार्क प्रवेशद्वार राख्न आवश्यक पहल गरिनेछ ।
- बबई उपत्यकालाई केन्द्रमा राखी बर्गदा क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

**४) उद्योग, सहकारी र वित्तिय नीतिः**

- नगर क्षेत्रमा सञ्चालनमा रहेका सहकारीको विस्तृत प्रोफाइल तयार गरी उद्देश्य अनुरुप सञ्चालन भए नभएको यकिन गरी प्रभावकारी नियमनको थालनी गरिनेछ ।
- सहकारी मार्फत महिला तथा युवाहरुका लागि वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- उत्पादनमुखी सहकारीहरुलाई पूँजीगत अनुदानको ब्यवस्था गरिनेछ ।
- सहकारी मार्फत उद्यमशीलताको विकास गरी स्वरोजगार सृजना गरिनेछ ।
- युवा उद्यमीहरुलाई सहकारी मार्फत सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराई युवा **रोजगार**को कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि सहकारी स्वरोजगार कोष स्थापना गरिनेछ ।
- बैंक तथा वित्तिय संस्थाहरुबाट प्रदान गरिने सेवाहरुको अनुगमन र प्रतिवेदन लिने ब्यवस्था मिलाइनेछ ।
- कृषि सहकारी संस्थाहरुलाई ब्यवसायिक शुल्कमा २५ प्रतिशत सम्म छुटको ब्यवस्था मिलाइनेछ ।
- नगरको औद्योगिक क्षेत्रको पहिचान गरी उद्योग स्थापना गर्न आब्हान गरिनेछ ।
- पर्यटन र कृषि सम्बन्धी उद्योग स्थापना गर्नलाई जोड दिइनेछ ।
- हरेक घरलाई सहकारीमा आवद्धगरी पूर्ण सहकारी युक्त नगरपालिका बनाईनेछ ।
- युवाहरुलाई सिर्जनशील तथा क्षमतावान् र स्वावलम्वी बनाउनको लागि स्वरोजगारमुखी सिप विकास , सेवा प्रवेशका तयारी कक्षा, खेलकुद, संगीत, जस्ता निःशुल्क तथा लागत सहभागितामूलक तालिमहरु सञ्चालन गरिने छन् ।

**५) शिक्षा नीति ः**

**शिक्षित जनता ठाकुरबाबाको शान ः गुणस्तरीय शिक्षा हाम्रो अभियान** भन्ने नारालाई आत्मसाथ गर्दै शिक्षामा निम्न नीतिहरु तय गरिएको छ ः

- आधारभूत तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहको शिक्षामा लगानी वृद्धि गरी सबैको पहुँच सुनिश्चित हुने नीति अवलम्बन गरिनेछ ।
- बालविकास शिक्षकहरु र विद्यालय कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप सामान्य पोशाक भत्ता उपलब्ध गराउने र वाल विकास केन्द्रहरुको वितरण तथा ब्यवस्थापनलाई ध्यान दिइनेछ ।
- नगर भित्रका सामुदायिक विद्यालयहरुको दरबन्दी मिलान एवं समायोजन गरी र गुणस्तरिय शिक्षा प्रदान गर्न अभिप्रेरित गरिनेछ । न्यून दरबन्दी रहेका विद्यालयहरुलाई शैक्षिक जनशक्ति ब्यवस्थापनको ब्यवस्था गर्न विशेष शैक्षिक कार्यक्रम तयार गरि निश्चित विधि र संयन्त्र बनाइ कार्यान्यन गरिनेछ ।

- शिक्षाको समग्र गुणस्तर अभिबृद्धिका लागि सूचना तथा सञ्चार प्रविधि तालिमका साथै अवलोकन, अनुकरण, पुरस्कार, तालिम, गुणस्तर परीक्षणका माध्यमद्धारा शिक्षक कर्मचारीको कार्य सम्पादनमा सहयोग पुग्ने नीति अवलम्बन गरिनेछ ।
- स-साना बालबालिकाहरुको लागि दिवा खाजा कार्यक्रमको अवधारणालाई बिस्तार गर्दै कक्षा १ का बालबालिकालाई नगरपालिकाबाट खाजा प्रदान गरिनेछ ।
- नगरपालिका भित्रका प्राविधिक शिक्षालयहरुमा अध्ययनरत स्थानीय दलित, गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक विषय अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।
- प्रति विद्यार्थी लागतका आधारमा शिक्षक विद्यार्थी अनुपात हेरी नगर भित्रका सामुदायिक विद्यालयहरुलाई अनुदानको व्यवस्था मिलाइने छ ।
- सुकुम्वासी, मुक्त कमैया तथा विपन्न परिवारका छोराछोरीहरुको तथ्यां एकीन गरी गुणस्तरीय शिक्षामा पहुँच पुऱ्याउन प्रोत्साहन नीति लिइने छ ।
- होटल व्यवस्थापन शिक्षा सञ्चालनको सम्भाब्यता अध्ययन गरी शुरुवात गरिने छ,।
- ठाकुरबाबा नगरपालिका भित्र सञ्चालित आधारभूत तथा माध्यमिक विद्यालयहरु मध्ये कुनै एक-एक वटा विद्यालयलाई नमूना विद्यालयका रुपमा विकसित गर्ने नीति अवलम्बन गरिने छ ।
- ठाकुरबाबा नगरपालिकाको शिवपुर ठाकुरद्धारा क्षेत्रमा व्यवसायिक शिक्षा स्थापना गर्नलाई पहल गरिने छ ।
- पुर्व प्राथमिक कक्षाका शिक्षकहरुको कार्यदक्षता बढाउनालाई मन्टेश्वरी तालिमको व्यवस्था गरिनेछ ।
- ठाकुरबाबा नगरपालिकाका प्र.अ र कर्मचारीहरुको सिप विकास र लेखा व्यवस्थापनका लागि तालिमको व्यवस्था गरिनेछ ।
- ठाकुरबाबा नगरपालिकाका शैक्षिक क्षेत्रमा राम्रो शैक्षिक उपलब्धि गराउने विद्यालय तथा शिक्षकहरुलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

**६) स्वास्थ्य नीति** ः

- नगरपालिकाद्धारा  दुई(२) वटा नगर एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्था मिलाइने छ । उक्त सेवामा ज्येष्ठ नागरिक, अपाङ्गहरुलाई छुटको व्यवस्था मिलाइनेछ ।
- नेउलापुरमा १५ शैयाको प्रसुति सेवासहितको अस्पताल निर्माण गरिनेछ ।
- ठाकुरद्धारा स्वास्थ्य इकाइलाई व्यवस्थित गरिनेछ ।
- सवै स्वास्थ्य संस्थामा प्रयाप्त औषधिको व्यवस्था मिलाईनेछ ।
- मधुमेह परीक्षण र रेबिज बिरुद्धको भ्याक्सिनको सहज व्यवस्था गरिनेछ ।
- पाठेघरको समस्या रहेका महिलाहरुको चेक जाँच निःशुल्क गरिनेछ ।
- सिकलसेल एनिमियाको चेक जाँचका लागि स्थानिय स्तरमै चेक जाचको व्यवस्था गरिनेछ ।
- ठाकुरबाबा नगरपालिकाका नगरबासीहरुलाई रगतकै कारणले अकालमा मृत्युबाट बचाउनाका लागी रक्तदान कार्यक्रमको व्यवस्था गरिएकोछ ।

- जेष्ठ नागरिक तथा महिलाहरुलाई स्वास्थ्य चौकी र नगरपालिका भित्रका अस्पतालमा हुने उपचार सेवालाई निःशुल्क गरिनेछ ।
- उपभोक्ताको हक हित र स्वास्थ्यलाई संरक्षण गर्न नियमित रुपमा बजार अनुगमन गर्ने कार्य कडाइका साथ लागु गरिनेछ ।
- वर्षायाममा यस नगरपालिकाका सबै गाँउ बस्तीमा विषालु सर्पको ब्यापक बिगबिगी हुने हुंदा सर्प दंश उपचार केन्द्र सैनवारलाई आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।
- गाउँघर क्लीनिक सञ्चालनका लागी आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।
- सुत्केरी आमालाई नगद रु. १ हजार तथा नवजात शिशुहरुका लागी न्यानो झोलाको ब्यवस्था गरिनेछ
- किशोरीहरुका लागि विद्यालयमा आकास्मिक महिनावारीका लागि सेनेटरी प्याडको ब्यवस्था गरिनेछ
- ठाकुरबाबा नगरपालिका भित्र पर्ने सम्पूर्ण वडा भित्र स्वास्थ्य चौकी निर्माण गर्दै लगिनेछ ।

**<u>७) खानेपानी तथा सरसफाई नीति :</u>**

- **<u>पिउँ स्वच्छ पानी : रहौ स्वस्थ हामी</u>** भन्ने नारालाई आत्मसाथ गर्दै सबै वडा तहमा खानेपानी टंकी निर्माण गरी क्रमशः हरेक घरमा स्वच्छ खानेपानी पुऱ्याउने नीति लिइनेछ ।
- नगरक्षेत्रका मुख्य शहरहरुलाई डुबानबाट बचाउन ढल निकासको ब्यवस्था गरिनेछ ।
- फोहोर मैला ब्यवस्थापनमा निजी क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप फोहोर ब्यवस्थापन सम्बन्धी नीति अंगिकार गरिने छ ।
- उद्योग वाणिज्य संघ, सहकारी, युवा, विद्यालयसंगको साझेदारीमा फोहोर मैला ब्यवस्थापन कार्यलाई अगाडि बढाइनेछ ।
- फोहोरमैला ब्यवस्थापन गरी कम्पोष्ट मल तथा उर्जाको रुपमा प्रयोग गर्ने नीति लिइनेछ ।
- नगरक्षेत्रबाट निस्किने फोहोरलाई ब्यवस्थापन गर्न डम्पीङ साईट निर्माण गर्ने कार्य अगाडि बढाइनेछ ।

**<u>८) कला तथा संस्कृति प्रवर्द्धन नीति :</u>**

- ठाकुरबाबा नगरपालिका भित्र बस्ने सम्पूर्ण जात, जातिहरुको धर्म, कला र संस्कृतिको संरक्षणका लागि विशेष जोड दिने नीति लिइएको छ ।
- थारु संस्कृति संग्राहालय (कर्मला) को स्तरोन्नति तथा थप ब्यवस्थापन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका स्थानीय गाइहरुको संरक्षण र ब्यवस्थापन गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।
- ठाकुरद्धारा मन्दिर परिसर क्षेत्रलाई वेद, वेदाङ्ग र ज्योतिष शिक्षा प्रदान गर्ने केन्द्रका रुपमा विकास गर्नुका साथै संस्कृत पाठशाला स्थापनामा जोड दिइनेछ ।
- ठाकुरबाबा नगरपालिका भित्र पर्ने सम्पूर्ण धार्मिक आस्थाका केन्द्रहरुको ब्यवस्थापन गर्दै लगिनेछ ।

**<u>९) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिः</u>**

- **<u>सिपयुक्त महिला : आत्मनिर्भर पहिला</u>** कार्यक्रमका लागि घुम्तीकोषको व्यवस्था गरिनेछ ।
- महिला, दलित, आदिवासी, जनजाति, अपाङ्ग, द्वन्द्व पीडित, पूर्व कमैया, कम्लरी र आर्थिक विपन्न तथा सामाजिक वञ्चितिकरणमा परेका विभिन्न वर्गका नागरिकको उत्थानका लागि लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- सुकुम्बासी तथा मुक्त कमैया, द्वन्द पिडित, विपन्न परिवारका छोरा छोरीहरुलाई शिक्षामा पहुँच पु¥याउन प्रोत्साहन गरिनेछ ।

**<u>१०) वातावरण तथा विपद् व्यवस्थापन नीति :</u>**

- तलबेलुवा खोलाको नियन्त्रण, निकुञ्ज भित्रबाट आउने चिट्कैया सुखाड झरन नियन्त्रण कार्यका लागि समन्वय र पहल गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- ओराही, बबई, आम्बासा र खौराहा खोला नियन्त्रणका लागि तट्बन्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- ओराही, बबई र खौराहा खोलाको वातावरणीय प्रभाव मूल्यांकन तयार गरिनेछ ।
- जोखिमबाट प्रभावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा उद्दार तथा राहतको पूर्व तयारी गरिनेछ
- विपत् व्यवस्थापन कोषको व्यवस्था गरिनेछ ।
- प्लाष्टिकजन्य पदार्थको प्रयोग न्यूनीकरण गर्न प्रोत्साहन गरिनेछ ।
- सामुदायिक वनहरुको वैज्ञानिक व्यवस्थापनमा जोड दिइनेछ ।
- विपत् व्यवस्थापन लागि वडा नं. १ मा एक सेल्टर भवन निर्माण गरिने छ ।

**<u>११) संस्थागत विकास नीति :</u>**

- नगरपालिका तथा सबै वडा कार्यालयहरुमा नागरिक बडापत्रको व्यवस्था गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुबाट दिने सेवा कम्प्युटराइज्ड र नेटवर्किङ्ग गरिनेछ ।
- सूचनाको हकलाई सबै जनताको तहसमम पु¥याउन सूचना प्रणालिलाई व्यवस्थित गरिनेछ ।
- **<u>जनतासंग नगरपालिका</u>** नामक मासिक रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरस्तरीय लोक सेवा आयोग तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।
- नगरस्तरीय सीप विकास केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- तत्कालिन गाविसहरुमा स्थायी रुपमा कार्यरत रही हाल यस नगरपालिकामा समायोजन भएका कर्मचारीहरुको जीवन वृत्तिको निम्ति आवश्यक कार्यविधी बनाई कर्मचारी कल्याणकोष स्थापना गर्ने तर्फ प्राथमिकता दिइनेछ ।

**<u>१२) सामाजिक क्षेत्र विकास नीतिः</u>**

- **<u>ज्येष्ठ नागरिक हाम्रा निधि : सम्मान र माया गरौं उनीप्रति</u>** भन्ने भनाई मनन् गर्दै ज्येष्ठ नागरिकको सम्मानको ब्यवस्था गरीनेछ ।
- बृद्ध चौतारीलाई थप ब्यवस्थित र सहज बनाइनेछ ।
- जन आन्दोलन, जनयुद्धका क्रममा सहिद तथा बेपत्ता पारिएका परिवारलाई यथोचित सम्मान गरिनेछ ।
- बडघर तथा चौकिदारको क्षमता अभिबृद्धि कार्यक्रम अगाडि बढाइने छ । ऋघब्एग मा आवद्ध युवालाई रोजगारी तथा ब्यवसायिक पशुपालन, कृषि , पर्यटन तथा सिपमूलक तालिम र अनुदान ब्यवस्था गरिने छ ।
- युवा क्लवहरुलाई खेलकूद विकासका लागि तालिम तथा सामाग्रीको ब्यवस्था गरिनेछ
- नगरपालिकास्तरीय **<u>मेयर कप खेलकुद</u>** प्रतियोगिता सञ्चालन गरिनेछ ।
- वन्यजन्तु क्षतिमा राहत कोष स्थापना गरिनेछ ।
- अन्धविश्वास र कुरीति हटाउन जन चेतनाको अतिरिक्त आवश्यक कानुन बनाई कार्यान्वयन गरिनेछ ।
- जेष्ठ नागरिक प्रतिको दायित्वबाट कुनै घर परिवारले बिमुख हुन नपाउने गरी कानुन बनाई कार्यान्वयन गरिने छ ।

**<u>१३) वित्तिय अनुशासन नीति :</u>**

- **<u>संमृद्धिका लागी कर : हामी सबैको रहर</u>** , भन्ने नाराका माध्यमबाट ब्यक्ति, वस्तु तथा सेवाका लागि वैज्ञानिक एवं प्रगतिशील कर प्रणाली स्थापित गरी कर तिर्ने प्रवृत्तिलाई प्रोत्साहित गरिनेछ ।
- सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षणलाई निरन्तरता दिई सार्वजनिक उत्तरदायित्व र पारदर्शिता प्रवर्द्धन गरिनेछ ।
- पारदर्शिता एवं सुशासनका लागि नगरपालिकासंग सम्बन्धित सम्पूर्ण सूचनाहरुलाई विभिन्न संचार माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको वार्षिक नीति, कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन सुपरिवेक्षण एवम् अनुगमन संयन्त्रको ब्यवस्था गरिनेछ ।
- सामाजिक सदाचारलाई प्रेरित गरी भ्रष्टाचारजन्य गतिविधिलाई निरुत्साहित गर्न थप सशक्त रुपमा कार्यक्रमहरु ल्याइनेछ ।
- नागरिकता सिफारिसलाई निशुल्कः ब्यवस्था गरिनेछ ।

**<u>१४) विकासका लागि समन्वय र साझेदारी नीति :</u>**

- विकासलाई गतिशिल बनाउन छिमेकी स्थानीय तहहरु, सबै सरकारी तथा गैर सरकारी संस्थाहरुसंग समन्वय गरिने छ ।
- प्रदेश सरकार र संघीय सरकारसंग विकासका लागि समन्वय र साझेदारी गरिने छ ।
- ठाकुरबाबा नगरपालिकाको समग्र विकासका लागि साझेदार भई काम गर्न इच्छुक राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थालाई आह्वान गरिने छ

अध्यक्ष महोदय,

मैले यस ठाकुरबाबा नगरपालिकाको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम संक्षिप्त रुपमा प्रस्तुत गरिसकेको छु । अन्तमा, नगरवासीहरुले हामीलाई विश्वास गरी सुम्पिएको जिम्मेवारीको उच्चतम् सम्मान गरी सबै जनप्रतिनिधिहरुले जनभावना अनुसार काम गर्ने प्रतिवद्धता पुनः यस सभामा व्यक्त गर्न चाहन्छु । यस नगरपालिकाको संमृद्धिका लागि उपलब्ध साधन र श्रोतको परिचालन गरी निष्ठाकासाथ काम गर्ने वाचा गर्दछु । यो नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सहयोग पुर्‍याउनु हुने नगर सभाका सदस्य, कर्मचारी मित्रहरु, प्रत्यक्ष, अप्रत्यक्ष रुपमा संलग्न महानुभावहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । नयाँ संरचनागत व्यवस्था अनुसार प्रारम्भिक चरणमै भएको र श्रोत तथा साधनको न्यूनताको कारणले यो नीति तथा कार्यक्रममा नगरवासीका सबै अपेक्षाहरु नसमेटिएका हुन सक्लान । सामयिक सुधारको लागि यहाँहरुको रचनात्मक सुझावको सदैव अपेक्षाकासाथ उपस्थित सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दै विदा हुन चाहन्छु । धन्यवाद ! नमस्कार ।

उपप्रमुख
ठाकुरबाबा नगरपालिका
२०७५ असार १०